नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

मितिः २०७८/०९/०९

# प्रेस विज्ञप्ती

**(क) राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धि मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।०९।०८ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला बारा, भलुही भरवलिया -१, साविक ठेगाना भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने लार्ज ट्रेड लिङ्क प्रा.लि. (स्था.ले.नं. ६०५९८०८८२) का सञ्चालक वर्ष २३ को अर्जुन प्रसाद पटेल ।
- बारा जिल्ला सिराहा राजपुर ५ स्थायी ठेगाना भइ हाल महालक्ष्मी नगरपालिका वडा नं. १ इमाडोल ललितपुर बसोवास गर्ने जय किशोर साह ।
- जिल्ला सिराहा रामपुर -९ पिपरा बस्ने सुर्यजित प्रसाद साह ।
- जिल्ला सर्लाही साविक भक्तित्तपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भइ हाल कागेश्वरी नगरपालिका वडा नं. १३ काँडाघारी बस्ने तोयनाथ अधिकारी ।

२. **कसूरको संक्षिप्त विवरणः लार्ज ट्रेड लिङ्क प्रा.लि. (स्था.ले.नं. ६०५९८०८८२)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २(छ१)(ङ) बमोजिमको **मूल्य अभिबृद्धि कर रकम रु.६,१५,९६,९२७।-, लाभांसकर रु.१,५४,००,५६७।- र आयकर रकम रु. १०,६५,२४,७९२।-** समेत गर्दा हुन आउने कूल राजस्व रकम **रु. १८,३५,२२,२८६।- (अक्षरुपी अठार करोड पैंत्तिस लाख बाईस हजार दुईसय छयासी रुपैंया मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत एवं असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • अर्जुन प्रसाद पटेल<br>• जय किशोर साह<br>• सुर्यजित प्रसाद साह<br>• तोयनाथ अधिकारी | १८,३५,२२,२८६।- | १८,३५,२२,२८६।- | ३६,७०,४४,५७२।- |


टेलिफोनः ०८१-५४०२३९, ०८१-५४०००४, ०८१-५४००३९, ०८१-५४१९९९
Website:- riokohalpur.dri.gov.np, Email: kohalpur@dri.gov.np, irokohalpur@gmail.com
गुगल प्लस कोडः-5MWQ+VP,Kohalpur

**(ख) राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धि मुद्दा उच्च अदालत पाटनमा मिति २०७८।०९।०८ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला पर्सा, अलौ ७ स्थायी ठेगाना भई हाल विरगञ्ज उपमहानगरपालिका वडा नं. ७ बस्ने तुराहा सप्लायर्स प्रा.लि. (स्था.ले.नं. ६०६६२९५३१) को सञ्चालक हरी नारायण साह तुराह
- पर्सा जिल्ला सिराहा विष्णुपुर गा.पा. २ स्थायी ठेगाना भइ हाल महालक्ष्मी नगरपालिका वडा नं. १ इमाडोल ललितपुर बसोवास गर्ने किशोर साह
- जिल्ला सिराहा रामपुर -९ पिपरा बस्ने सुर्यजित प्रसाद साह

२. **कसूरको संक्षिप्त विवरणः** तुराहा सप्लायर्स प्रा.लि. (स्था.ले.नं. ६०६६२९५३१) ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम कसूर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २(छ१)(ङ) बमोजिमको **मूल्य अभिबृद्धि कर रकम रु. ९६,४५,६००।-, लाभांस कर रु. १५,४६,३१०।- र आयकर रकम रु. १,०७,०६,२१४।-** समेत गर्दा हुन आउने कूल राजस्व रकम रु. २,१८,९८,१२४।- **(अक्षरुपी दुई करोड अठार लाख अन्ठानब्बे हजार एक सय चौब्बिस रुपैंया मात्र)** कायम गरी सोही ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत एवं असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • हरी नारायण साह तुराह<br>• किशोर साह<br>• सुर्यजित प्रसाद साह | २,१८,९८,१२४।- | २,१८,९८,१२४।- | ४,३७,९६,२४८।- |

**(ग) राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमयसम्बन्धि मुद्दा कास्की जिल्ला अदालत, पोखरामा मिति २०७८।०९।०९ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- पेमा गुरुङ्को नाति छिरिङ् कुन्जन गुरुङको छोरा मुस्ताङ् जिल्ला साविकको चोराङ् गा.वि.स. वडा नं. ४ हालको दामोदर कुन्ड गाउपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल शिवालय चोक पोखरा बस्ने वर्ष ४२ को छिरिङ् ढुन्डु गुरुङ ।

२. **कसूरको संक्षिप्त विवरणः** प्रतिवादी छिरिङ् ढुन्डु गुरुङले सम्पूर्ण बरामदित अमेरिकी डलर अवैध रुपमा संचय तथा ओसार पसार गरेको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४(१) र ५(१) तथा दफा १२ र नेपाल राष्ट्र बैंक इ.प्रा. परिपत्र १०/२०७६ को बुँदा नं. २(झ) समेत विपरितको कसुर गरेको हुँदा प्रतिवादी **छिरिङ ढुन्डु गुरुङ**को साथबाट बरामद भएको अमेरिकी डलर १,९४,२००।- को हुन आउने **नेपाली रुपैया २,३२,७४,१८०।- (दुई करोड वत्तिस लाख चौहत्तर हजार एक सय असी रुपैया मात्र)** विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम अमेरीकी डलर जफत गरि विगोको तिन गुणासम्म जरिवाना हुन तथा सोही उपदफा (१०) बमोजिम उल्लेखित दफा १७(१) बमोजिमको जरिवानाको अतिरिक्त ३ वर्षसम्मको कैद सजाय थप मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

४.

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • छिरिङ् ढुन्डु गुरुङ | २,३२,७४,१८०।- | २,३२,७४,१८०।- | ६,९८,२२,५४०।- |

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

**(घ) राजस्व अनुसन्धान कार्यालय कोहलपुरबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धि मुद्दा उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास, नेपालगञ्ज बाँकेमा मिति २०७८।९।४ गतेमा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला अर्घाखाँची, पालि-२ स्थायी ठेगाना भई हाल जिल्ला बाँके, नेपालगञ्ज-४ सेतुबिक चोक बस्ने वर्ष ३७ को आले भन्ने सैपादिन मिया ।
- भारत, उत्तर प्रदेश, बहराईच जिल्ला, रामलिला चोक, रुपैडिहा स्थायी ठेगाना भएका वर्ष २३ को अमन मित्तल ।

२. **कसूरको संक्षिप्त विवरणः** भन्सार चोरी पैठारी गरेका कपडाजन्य मालवस्तुहरु अर्काको फर्मको नक्कली बिजक छपाएर त्यसको प्रयोग गरी मालबस्तुकासाथ बिक्री बितरण गरेको ।

३. **कायम भएको बिगो र सजायको मागदावीः** प्रतिवादीहरु अमन मित्तल र सैपादिन मियाले नेपाल सरकारलाई राजस्व छली गर्ने उद्देश्यले जम्मा बिगो **रु.१,८९,८९,४४७।- (अक्षरेपी एक करोड उनानब्बे लाख उनानब्बे हजार चार सय सतचालिस रुपैयाँ मात्र)** बराबरको कपडाजन्य मालबस्तु भन्सार चोरी पैठारी गरी नक्कली बिजक जारी गरी बिक्री वितरण/ढुवानी/ओसारपसार गरी/गराई नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने राजस्व छली गरेको निजहरुको उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित तथा दफा ४ (क), (ख), (छ) र (झ) बमोजिमको कसूर अपराध गरेको देखिएकोले निजहरुलाई सोही ऐनको दफा २(छ१) बमोजिम कायम भएको राजस्व चुहावटको जम्मा बिगो रकम **रु. १,८९,८९,४४७।- (अक्षरेपी एक करोड उनानब्बे लाख उनानब्बे हजार चार सय सतचालिस रुपैयाँ मात्र)** लाई बिगो कायम गरी सोही ऐनको दफा २३ (१) बमोजिम बिगो असुल तथा जफत गरी प्रतिवादी अमन मित्तल र सैपादिन मियालाई बिगोको शत प्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३(१)(ख) बमोजिम हदैसम्मको कैद सजाय हुन मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | बिगो | सजाय हुने बिगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • सैपादिन मिया<br>• अमन मित्तल | १,८९,८९,४४७।- | १,८९,८९,४४७।- | ३,७९,७८,८९४।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**

"स्वच्छ र सक्षम प्रशासनः समृद्धि र सुशासन"
टेलिफोनः ०८१-५४०२३९, ०८१-५४०००४, ०८१-५४००३९, ०८१-५४१९९९
Website:- riokohalpur.dri.gov.np, Email: kohalpur@dri.gov.np, irokohalpur@gmail.com
गुगल प्लस कोडः-5MWQ+VP,Kohalpur